**१. फ्रान्सको कान्स सहरमा आयोजित 'ला फेमे इन्डिपेन्डेन्ट फिल्म फेस्टिभल, २०२३' मा तीन विधामा अवार्ड प्राप्त गर्न सफल नेपाली चलचित्र कुन हो ?**

✍ राधा

- सुवर्ण थापाद्वारा निर्देशित सो चलचित्रले उत्कृष्ट फिचर फिल्म, उत्कृष्ट अभिनेतृ र उत्कृष्ट निर्देशकको अवार्ड हात पार्न सफल भएको छ।
- निर्देशक थापाको लेखनसमेत रहेको चलचित्रले महिलाको सहनशक्ति चरित्रको कथालाई प्रस्तुत गरेको छ।
- सो फिल्म फेस्टिभलमा नेपाली चलचित्र 'द सेक्रेट अफ राधा' विभिन्न सात विधामा मनोनयनमा परेको थियो। चलचित्रमा सृष्टि श्रेष्ठको मुख्य भूमिका रहेको छ।
- यो फेस्टिभल विशेष गरी महिला चलचित्रकर्मी र महिला चरित्रलाई उत्प्रेरित गर्ने उद्देश्यले सन् २००५ देखि आयोजना हुँदै आएको छ।

Govinda Giri

**२. राष्ट्रिय महिला अधिकार दिवस कहिले मनाइन्छ ?**

✍ जेठ १६

- विसं २०८० को महिला दिवसको नारा – 'महिला हक अधिकार : सबैको साझा सरोकार' रहेको छ।
- विसं २०८० जेठ १६ मा पाँचौँ राष्ट्रिय महिला अधिकार दिवस मनाइयो।
- विसं २०६३ जेठ १६ गतेका दिन तत्कालीन पुनर्स्थापित प्रतिनिधि सभाले नेपाली महिलाको हकअधिकारसम्बन्धी महत्त्वपूर्ण चार वटा विशेष प्रस्ताव पारित गरेको दिनको स्मरण गर्दै राष्ट्रिय महिला अधिकार दिवस मनाउन थालिएको हो।

CS CamScanner

**३. सन् २०२३ मे २२ मा बायोलोजिकल रिभ्युज नामक जर्नलमा प्रकाशित प्रतिवेदन अनुसार विश्वमा कति प्रतिशत जीव प्रजातिको सङ्ख्या घट्दै गएको छ ?**

✍ ४८ प्रतिशत

- अध्ययनले पृथ्वीका करिब आधाजसो जीव प्रजातिले आफ्नो सङ्ख्यामा तीव्र गिरावट साक्षात्कार गरिरहेको देखाएको छ। केवल ३ प्रतिशतभन्दा कम प्रजातिको मात्रै सङ्ख्यामा वृद्धि पाइएको छ।
- अध्ययन अनुसार प्रजातिहरूको सङ्ख्यामा घट्दो प्रवृत्तिले विलोपीकरणकै खतरालाई सङ्केत गरेको छ। आइयुसिएनको रातो सूचीमा हाल खतरारहितमा वर्गीकृत ३३ प्रतिशत प्रजाति पनि लोप हुने दिशामा गइरहेका छन्।

**४. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको न्यूनतम सेवा मापदण्डमा सेवा प्रवाहको अवस्था मूल्याङ्कनमा देशकै सर्वोत्कृष्ट अस्पताल कुन बनेको छ ?**

✍ भक्तपुर अस्पताल

CamScanner

**५. टर्किएको राष्ट्रपतिमा को निर्वाचित भएका छन् ?**

✍ रेसेप तैयप एर्दोगान

- टर्किएमा मे १४ र २८ मा दुई चरणको निर्वाचन सम्पन्न भएको थियो ।
- मे २८ मा भएको दोस्रो चरणको मतदानमा उहाँले छ वटा विपक्षी दलको गठबन्धनबाट उम्मेदवार बनेका केमाल किलिचदारोग्लुलाई पराजित गर्नुभएको थियो । एर्दोगानले कुल खसेको मतको ५२.१४ प्रतिशतमा प्राप्त गर्नुभएको थियो। मे १४ को पहिलो चरणको निर्वाचनबाट राष्ट्रपतिको टुङ्गो नलागेपछि दोस्रो चरणको मतदान भएको थियो ।
- एर्दोगानले २० वर्षयता टर्कीएमा शासन गर्दै आउनुभएको थियो। यो निर्वाचनले आगामी पाँच वर्षका लागि उहाँलाई झनै शक्तिशाली बनाएको छ । सन् २००३ मा उहाँले प्रधानमन्त्री पद सम्हाल्नुभएको थियो । सन् २०१४ मा पहिलो पटक उहाँ राष्ट्रपति हुनुभएको थियो । उहाँ तेस्रो पटक सो पदमा निर्वाचित हुनुभएको हो ।

Govinda Giri

**६. अति नै मनोरम धार्मिक तथा पर्यटकीय स्थल खप्तडमा आध्यात्मिक सम्मेलनको आयोजनाका लागि तय गरिएको समय कुन हो ?**

✍ विसं २०८० जेठ २३–२५

**७. स्थानीय तहका नवनिर्वाचित जनप्रतिनिधिको नयाँ कार्यकाल कहिलेदेखि सुरु भएको हो ?**

✍ विसं २०७९ जेठ ६

CS CamScanner

**८. विश्व बैङ्कको क्षेत्रीय कार्यालय श्रीलङ्काबाट कहाँ सारिएको छ ?**

✍ नेपाल

- सन् २०२२ जुन १ देखि नेपालमा सारिएको हो ।
- यही कार्यालयबाट नेपाल, श्रीलङ्का र माल्दिभ्सको कार्य सञ्चालन हुने छ ।

**९. प्रस्तावित मेरापिक राष्ट्रिय निकुञ्ज कुन जिल्लामा पर्दछ ?**

✍ सोलुखुम्बु

- प्रस्तावित क्षेत्र जैविक विविधता, पर्यापर्यटन र संस्कृतिका हिसाबले धनी रहेको छ ।
- मेरापिक हिमाल रहेको यो क्षेत्र पर्वतारोहणका लागिसमेत प्रसिद्ध रहेको छ ।

CamScanner

१०. विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटै हिमाल दोहोर्‍याएर आरोहण गर्न सफल विश्वकै एक मात्र आरोही को हुनुहुन्छ ?




✍ सानु शेर्पा

- उहाँले सन् २०२२ जुलाई २१ मा पाकिस्तानको गसेर्वरुम–२ आरोहण गरेसँगै यो कीर्तिमान कायम

CS CamScanner

गर्नुभएको हो । उहाँले सन् २००७ देखि आरोहण सुरु गर्नुभएको थियो ।

**११. दस घण्टामा विश्वको सर्वोच्च शिखर सगरमाथा र ल्होत्से हिमालको आरोहण गर्ने विश्वकै कान्छो आरोहीका रूपमा विश्व कीर्तिमान कायम गर्न सफल आरोही को हुनुहुन्छ ?**

✍ निमा रिन्जी शेर्पा (१७ वर्ष)

- निमा सन् २०२३ मे २५ (जेठ ११) का दिन बिहान २:३० बजे ८,८४८.८६ मिटर उचाइको सगरमाथाको शिखर पुग्नुभएको थियो । त्यसपछि ८,५१६ मिटर उचाइको ल्होत्सेतर्फ उहाँ लाग्नुभएको थियो । यही दिन ११:५० बजे हिमालको चुचुरोमा पुगेर सो कीर्तिमान उहाँले कायम गर्नुभएको थियो ।
- उहाँले यसअघि १६ वर्षको उमेरमा नै पर्वतारोहणमा विश्व कीर्तिमान बनाउनुभएको थियो । सन् २०२२ सेप्टेम्बर ३० मा उहाँले विश्वको आठौँ अग्लो हिमाल मनास्लु (८,१६३ मि) आरोहण गरी सो हिमाल आरोहण गर्ने सबैभन्दा कान्छा (१६ वर्ष पाँच महिना १२ दिन) आरोहीको रेकर्ड राख्नुभएको थियो ।

**१२. आर्थिक वर्ष २०८०/८१ को बजेटमार्फत सरकारले प्रशासनिक खर्च घटाउने भन्दै सङ्घीय सरकार मातहतका कति निकाय खारेज गर्ने जनाएको छ ?**

✍ २०

**१३. नेपाल दु:खी देशहरूको सूचीमा कति औँ स्थानमा रहेको छ ?**

✍ ६३ औँ (प्राप्त गरेको अङ्क : ३७.१८)

CamScanner

**१४. नेपालगन्जस्थित एकीकृत जाँच पोस्ट (आइसिपी) कहिलेदेखि सञ्चालनमा आएको हो ?**

✍ विसं २०८० जेठ १८

- भारत भ्रमणको सन्दर्भमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र भारतीय समकक्षी नरेन्द्र मोदीद्वारा संयुक्त रूपमा उद्घाटन गरेसँगै सो आइसिपी सञ्चालनमा आएको हो।
- यसअघि नेपाल–भारत सीमा नाका अन्तर्गत वीरगन्ज, विराटनगर र भैरहवामा आइसिपी सञ्चालनमा आइसकेका छन्।

**१५. कृषि तथा वन क्षेत्रको रूपान्तरण गर्न तर्जुमा गरिएको कन्ट्री प्रोग्रामिङ फ्रेमवर्कको अवधि कुन हो ?**

Govinda Giri

✍ सन् २०२३–२०२७

- सन् २०२३ देखि २०२७ सम्मको रणनीतिक कार्यक्रम समावेश भएको सो फ्रेमवर्क कृषि तथा पशुपन्छी विकासमन्त्री डा वेदुराम भुसाल, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, एफएओका एसिया प्रशान्त क्षेत्रका प्रमुख जोङ जिन किमर, संयुक्त राष्ट्रसङ्घीय आवासीय प्रतिनिधि हाना सिंगर हाम्डीद्वारा संयुक्त रूपमा सार्वजनिक गरिएको हो।
- यसले नेपालको कृषि र वन क्षेत्रको दिगो विकास, खाद्य तथा पोषण सुरक्षा कायम गर्ने साथै दिगो विकासका लक्ष्य हासिल गर्न सहयोग पुग्ने विश्वास गरिएको छ।

**१६. संयुक्त राष्ट्रसङ्घले सन् २०४० सम्म प्लास्टिकजन्य प्रदूषण कति प्रतिशत कटौती हुने आकलन गरेको छ ?**

✍ ८० प्रतिशत (सन् २०२३ मेमा प्रकाशित प्रतिवेदन अनुसार)

CS CamScanner

**१७. भारतले आगामी १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् खरिद गर्नेसम्बन्धी सम्झौता कहिले भएको हो ?**

ऊ विसं २०८० जेठ १८

- प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमण (विसं २०८० जेठ १७–२०) को सन्दर्भमा भारतीय समकक्षी नरेन्द्र मोदीको उपस्थितिमा नेपालको तर्फबाट ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव दिनेश घिमिरे र भारतीय ऊर्जा सचिव आलोक कुमारद्वारा समझदारीपत्र (एमओयु) मा हस्ताक्षर भएको हो।
- यसअघि अल्पकालीन सम्झौतामार्फत हुँदै आएको विद्युत् व्यापार अब दीर्घकालीन व्यापार सम्झौतामार्फत हुने छ।

**भ्रमणका क्रममा भएका सम्झौता**

- आगामी १० वर्षमा भारतले १० हजार मेगावाट विद्युत् खरिद गर्ने।
- नेपालबाट भारतीय विद्युत् प्रसारण लाइन प्रयोग गरेर बङ्गलादेशमा विद्युत् निर्यात गर्न दिने। सुरुमा ५० मेगावाट बिजुली नेपालले बङ्गलादेश निर्यात गर्ने। नेपालबाट बङ्गलादेशमा थप ऊर्जा व्यापारको मार्गचित्रबारे त्रिपक्षीय छलफल गर्ने सहमति।
- ६६९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजना भारतीय कम्पनी सतलज विद्युत् निगमले निर्माण गर्ने गरी सम्झौतामा हस्ताक्षर।
- दुई देशका प्रधानमन्त्रीले 'न्यु बुटवल–गोरखपुर अन्तरदेशीय प्रसारण लाइन' को संयुक्त रूपमा शिलान्यास गर्नुभएको। आयोजना नेपाल विद्युत् प्राधिकरण र भारतीय विद्युत् प्राधिकरणको समान लगानी रहेको छुट्टै कम्पनीले बनाइने।

CamScanner